
# गन्ती

## सन्देश :



"परमेश्वरको प्रभुत्व भएको राष्ट्र इस्राएलले भरोसा र आज्ञाकारितामा प्रतिक्रिया दिन असफल भएकोले दुवै ईश्वरीय न्याय र राज्यको हृदयमा कठोरता ल्याएको छ" ।

## शीर्षक :

पुस्तकको अंग्रेजी नाम, ल्याटिन भल्गेटको लिबर न्युमेरी (Latin Vulgate's Liber Numeri) बाट साभार गरिएको हो र यो अध्याय १ र २६ मा दिइएको जनगणना सूचीमा आधारित छ । यसबाहेक, भेटहुने पालको अर्पण-कार्यमा हरेक कुलहरूको बलिहरूको "गन्ती" गरिएको छ (अध्याय ७), दैनिक, साप्ताहिक र वार्षिक चाडहरूमा प्रस्तावित बलिदानहरूको संख्या (अध्याय २८-२९), विपत्तीबाट मरेकाहरूको संख्या (१६:४९; २५:९), मिद्यानीहरूबाट लुटेका धनको सूची (३१:३२-४७), र लेवीहरूका शहरहरूको संख्या र आकार.....(अध्याय ३५) ।

पुस्तकको हिब्रू शीर्षक; आरबीडीएम rbdmb (bammidbar, "मरुभुमिमा") पहिलो पदको पाँचौ शब्दबाट लिइएको हो र यो विषयवस्तुको वर्णन पनि हो किनभने गन्तीले सिनै पर्वतको करारको स्थापनालाई पछ्याउँदै इस्रएलीहरूले ३८ वर्षको अवधि मरुभुमिमा भौंतारिनु परेको लेखाको विवरणलाई देखाउँछ । जब राष्ट्रले कादेश-बर्नेमा विद्रोह गरे, जो जति २० वर्ष वा भन्दा बढी थिए, ती सबैका लागि मरुभूमि उनीहरूको चिहान भयो ।

## लेखक :

उत्पत्तिमा हेर्नुहोस् :

गन्तीको पुस्तकको पनि पारम्परिक रूपमा मोशालाई नै लेखकको नाम दिइएको छ । यो निष्कर्ष दुवै; मोशाको लेखन गतिविधि सम्बन्धि बयानको आधारमा (जस्तै, ३३:१-२; प्रस्थान १७:१४; २४:४; ३४:२७) र बाइबलको पहिलो पाँच पुस्तकहरू (पेन्टाटूक) एउटै भाग र एउटै लेखकबाट लेखिएको हो भन्ने धारणामा आधारित छ । त्यहाँ भएको लेखनशैलीको आधारमा पेन्टाटूकका अरू पनि पुस्तकहरू मेशाले नै लेखेका हुन भन्ने संकेत साथै प्रमाणहरू दिदँछ । "परमप्रभुले भन्नुभयो/मोशासँग बोल्नुभयो" भन्ने वाक्यांशको लगातार प्रयोगले पनि मोशाको लेखत्वलाई जोड दिन्छ । गन्तीको पुस्तक आफैले पनि यो प्रमाण दिन्छ कि लेखक घटनाहरूको प्रत्यक्षदर्शी थिए (जस्तै, १३:२२), जुन मोशालाई मान्न सकिन्छ । तथापी, अहिले देखिएको अवस्थामा गन्तीको पुस्तक मोशाको हातबाट आएको हो भनेर दावी गर्न खासै आवश्यक छैन । पुस्तकको केही अंशहरू विद्वान्हरू वा सम्पादकहरूद्वारा इस्राएलको इतिहासको पछिल्लो अवधिमा थपिएको हुनसक्छ । उदाहरणको लागि, मोशाको नम्रता प्रति असहमती (१२:३) यदि यो उनको आफ्नै मुखको बोली भएको भए, विश्वास दिलाउनु गाह्रो हुनेथियो । तर मोशाले पुस्तकको मुख्य भागहरू लेखेको हो भन्ने कुरा चाँहि उचित मान्न सकिन्छ ।

**प्राप्तकर्ता (पाउने व्यक्तिहरू) :**

उत्पत्ति हेर्नुहोस् :

यद्यपि गन्तीको पुस्तक इस्राएल राष्ट्रका लागि लेखिएको थियो, तापनि यो कुरामा ध्यान दिनु अति नै आवश्यक छ कि उत्पत्ति, प्रस्थान र लेवीको पुस्तकभन्दा गन्तीको पुस्तक चाहिँ विशेष गरी ती कदेश-बर्नेमा विद्रोह गर्नेहरूका सन्तानहरूको लागि लेखिएको थियो, त्यसैकारण तिनीहरूले प्रतिज्ञा गरिएको भूमिमा प्रवेश गर्न पाएनन् ।

**ऐतिहासिक सन्दर्भ :**

समयक्रम अनुसार गन्तीको पुस्तक, प्रस्थानमा इस्राएलीहरूले उजाडस्थानमा गरेको अनुभवको निरन्तर घटनाक्रमको एउटा परिचय हो । यी दुवै प्रस्थानको घटना र लेवीको विधानमा आधारित छ । इस्राएलीहरू अब प्रतिज्ञा गरिएको भूमिमा प्रवेश गर्न आफ्नो यात्रालाई निरन्तरता दिन तयार भएका छन् । गन्ती ३६:१३ ले यो स्पष्ट पार्दछ कि यस पुस्तकले इतिहासको त्यो समयमा लैजान्छ जहाँ इस्राएलीहरू यर्दन नदी हुदैं मोआबको मैदानमा पुगेर प्रतिक्षा गरिरहेका थिए । सीनै पर्वतबाट प्रस्थानको लागि संगठित र राष्ट्रको तयारी, सीनैबाट कादेशसम्मको यात्रा, अविश्वासको कारण विद्रोहको परिणाम, वयस्कहरूको उजाडस्थानमा ४० वर्षको जीवन र मृत्यु, र अन्तमा यर्दनवारि विजय र कनानको प्रतिज्ञा गरिएको भूमिमा प्रवेश गर्नलागेको तयारीको घटनाहरू समावेश गरिएको छ ।

**लेखिएको मिति :**

**प्रस्थानको "मिति" हेर्नुहोस् :**

गन्ती सम्भवत: यर्दनको छेउमा मोआबका मैदानहरूमा लेखिएका थियो (३६:१३) तापनि केही भागहरू सम्भवत: यहाँ पुग्न अघि नै लेखिएको हुन सक्छ । यो अवधि चाहिँ लगभग प्रस्थानको घटनाभन्दा चालीस वर्ष पछि थियो (व्यवस्था १:३), (सीनै पर्वतमा लगभग १ वर्षको अवधि सहित, १:१) र त्यसैले प्रारम्भिक मिति अनुसार १४०६ ई.पू हुन जान्छ ।

**साहित्यिक विशेषताहरू :**

गन्तीमा केवल घटनाहरूको कमिक रूप र रितिरिवाजका प्रक्रियाहरूको एक श्रृंखला मात्र नभएर यसले विभिन्न साहित्यिक विधाहरू पनि समावेश गरेको छ । अध्याय १ र २६ को जनगणना सूचीले उजाडस्थानको ४० वर्षको सुरूवातको जनसंख्या र अन्त्यको जनसंख्याको जानकारी दिएर एक प्रकारको समावेशीकरण....देखाउँदछ । यो कुरा पुस्तकको परिशिष्टमा (अध्याय २७-३६) महिला अधिकारका नियमहरू सहित (अध्याय २७, ३६ जसले यो खण्डका लागि समावेशीकरणको काम गर्दछ) देखाइएको छ । तथापी, विद्रोहको सन्दर्भमा अध्याय १३ मा पुरानो पुस्ताको विद्रोह र अध्याय २५ मा नयाँ पुस्ताको विद्रोह समावेश गरिएको छ । भौगोलिक रूपमा, पहिलो १० अध्यायहरूमा इस्राएलीहरू अझैपनि सीनै पर्वतमा नै छन्, १० देखि २१ अध्यायहरूमा इस्राएलीहरू मरुभूमिमा घुमीरहेका, र २२ देखि ३६ अध्यायहरूमा मोआबका मैदानहरूमा तिनीहरूको बसोवासको स्थापना भएको छ ।

गन्तीको पुस्तकको विभिन्न सूचीहरूमा साहित्यिक समायोजनामा ठूलो सम्झौता भएको छ । धेरैपटक प्रत्येक कुलहरूको व्यापक पुनरावृत्ति पनि भएको छ । जबकी कविता व्यापक छैन, यी पदहरूमा उत्पन्न भएको छ; ६:२४-२६, १०:३५-३६, २१:१७-१८, २७-३०; २३:७-१०, १८-२४; २४:३-९, १५:२४ ।

**उद्देश्य :**

यस पुस्तकको मुख्य उद्देश्य भनेको इस्राएलीहरूलाई परमेश्वरसँगको करारको सम्बन्धमा सँगसँगै हिड्नलाई प्रोत्साहित गर्नु थियो जुन प्रभुबाट शुरू गरियो र आदेश गरिएको हो तर इस्राएलको अनाज्ञाकारिताबाट ढिलाइ भयो र अवरोध भयो (तर विघटन भएन) । परमेश्वरले गर्नु भएको प्रतिज्ञाहरू के हुन्छ जब राष्ट्र अनाज्ञाकारी (दुष्टतामा फस्छ) हुन्छ ? प्रतिज्ञाहरू रहन्छन् तर फेरि बिरोध, न्याय, छुटकारा र आशिषको चक्र देख्न सकिन्छ किनभने उहाँको अनुग्रहमा परमेश्वरले आफ्ना जनहरूसँग काम गर्न जारी राख्नुहुन्छ । यो विशेष गरि कादेश-बर्नेको घटनामा (गन्ती १३-१४) देख्न सकिन्छ ।

अ. प्रतिज्ञा गरिएको भूमिलाई विजय गर्न अघि परमेश्वरको प्रभुत्व भएको राष्ट्रको अन्तिम तयारी र प्रस्थान (१:१-१०:१०)

क. मानिसहरूको जनगणनाको आदेश (अध्याय १-४)

१. प्रत्येक घरानाबाट पुरुषहरूको संख्या युद्धको लागि भेला भएको (अध्याय १)

२. भेटहुने पालको वरिपरि हरेक कुलहरूको नियुक्ति र तिनीहरूलाई अघि बढ्न आदेश (अध्याय २)

३. भेटहुने पालको वरिपरि लेवीहरूको नियुक्ति र इस्राएलका जेठा छोराहरू र लेवीहरूको गन्ती (अध्याय ३)

४. भेटहुने पालमा परमेश्वरको सेवा गर्न, लेवीहरूको संख्या (अध्या ४)

ख. सीनै पर्वतका आदेशहरू र घटनाहरू जसले मानिसहरूको आज्ञाकारिता र समर्पणतालाई देखाउँछ (५:१-१०:१०)

१. छाउनीबाट शारीरिक अशुद्धपनाहरू हटाइएको (५:१-४)

२. क्षतिपूर्तिको नियमको स्पष्टीकरण । (५:५-१०)

३. ईर्ष्याको व्यवस्था र शुद्ध, विश्वासनीय सम्बन्धहरूको आवश्यकता (५:११-३१)

४. नाजरीको भाकल (६:१-२१)

५. हारूनवंशी पुजारीको आशिष् (६:२२-२७)

६. भेटहुने पालको समर्पणमा १२ अगुवाहरूको भेटी (अध्याय ७)

७. दियोहरू बाल्ने कर्तव्य र लेवीहरूको विभाजन (अध्याय ८)

८. निस्तार चाड़को उत्सव। (९:१-१४)

९. महिमित बादलद्वारा निर्देशन (९:१५-२३)

१०. चाँदीको तुरहीको विभिन्न प्रयोगहरू (१०:१-१०)

आ. उजाडस्थानमा इस्राएलीहरूद्वारा विश्वासको वावजुत विरोध गरेका (१०:११-२५:१८)

क. सीनैदेखि कादेश-बर्नेसम्मको यात्रा। (१:११-१२:१६)

१. यात्राको शुरूवात: परमेश्वरको उपस्थितिको अनुभव गरिएको छ (१०:११-३६)

२. गनगनको नयाँ ढाँचा (अध्याय ११)

३. मोशाको विरूद्धमा मरियम र हारून (अध्याय १२)

ख. कादेश-बर्नेमा इस्राएलीहरू, विद्रोहको परिणाम यात्रामा ढिलाई (१३:१-१४:४५)

१. १२ जासूसहरू र असल भूमिको बारेमा तिनीहरूको मिश्रित खबर (अध्याय १३)




२. परमेश्वरको "विरुद्धमा मानिसहरूको विद्रोह र उनीहरूको पराजय (अध्याय १४)


ग. उजाड़स्थानमा परमेश्वरको न्याय अन्तर्गत विद्रोही र विभिन्न वैधानिक घटनाहरू (१५:१-२५:१८)

१. बलिदानहरू, विश्राम दिन र वस्त्रहरूमा झुम्काहरूको सम्बन्धमा परमप्रभुले दिनुभएको नियमहरू.........(अध्याय १५)

२. कोरह र तिनका सहकर्मीहरूको विद्रोह (अध्याय १६)

३. हारूनको लौरोमा कोपिला पलाएको: विद्रोहीहरूको लागि एउटा चिन्ह स्वरूप (अध्याय १७)

४. पूजाहारीहरूको सम्बन्धमा; तिनीहरूका कर्तव्यहरू र तिनीहरूको समर्थनको विषयमा (अध्याय १८)


MEDITERRANEAN SEA
BASHAN
Karnaim
Ashtaroth
Sea of Galilee
Mt. Carmel
Megiddo
Beth-shan
Ramoth-gilead
Edrei
Defeat of Og
GILEAD
C A N A A N
Shechem
T. Deir Alla
Joppa
Jazer
Plains of Moab
Rabbah
Jericho
Abel-shittim
Jerusalem
Heshbon
Beth jeshimoth
Beth-peor
Medeba
Defeat of Sihon
PHILISTIA
Death and burial of Moses
Almon-diblathaim
Hebron
MISHOR
Jahaz
Balaam blessed Israel
Dibon
Wilderness of Kedemoth
Kedemoth
Mattanah
DEAD SEA
Gerar
Ar
Beersheba
Arad
Hormah
Kir-hareseth
MOAB
Negeb
Zoar
Iye-abarim
AMALEK
Zalmonah
Tamar
Oboth
Wilderness of Zin
Bozrah
Mt. Hor
Arabah
Punon
Kadesh-barnea
EDOM
Teman
Timna
0 10 20 30 40 Miles
0 10 20 30 40 Kilometers
Ezion-geber
Gulf of Aqaba

६. मोशाको पाप (२०:१-३)
७. एदोमीहरूको प्रतिरोध (२०:१४-२१)
८. हारूनको मृत्यु (२०:२२-२९)
९. आरादको विनाश (२१:१-३)
१०. काँसको सर्प (२१:४-९)
११. एदोमको वरिपरि र मोआबको भूमि हुँदै गरिएको यात्रा विवरण (२१:१०-२०)
१२. सीहोन र ओगको पराजय (२१:२१-३५)
१३. इस्राएलीहरूलाई श्राप दिनका लागि मोआबका बालाकले बालामलाई बोलाएका (२२:२-४१)
१४. सातवटा वाणीमा बालामले इस्राएलीहरूलाई आशिष् दिएका (अध्याय २३-२४)
१५. बालको पोर र इस्राएलीहरूले परमेश्वरलाई त्यागेका। (अध्याय २५)

इ. प्रतिज्ञा गरिएको देशलाई जित्नको लागि दोस्रो पटक प्रयास गर्नु अघि परमेश्वरको प्रभुत्व भएको राष्ट्रको अन्तिम तयारी (अध्याय २६-३६)

क. नयाँ पुस्तालाई निर्देशन (अध्याय २६-३०)
१. दोस्रो जनगणना (अध्याय २६)
२. महिलाहरूका लागि पैतृक सम्पत्ति (२७:१-११)
३. मोशाको उत्तराधिकारी (२७:१२-२३)
४. बलिदानहरू सम्बन्धी आज्ञाहरू (२८:१-१५)
५. चाड़हरू सम्बन्धी आज्ञाहरू (२८:१६-२९:४०)
६. भाकलहरू सम्बन्धी आज्ञाहरू (अध्याय ३०)

ख. मिद्यानीहरूको विरुद्ध युद्ध (अध्याय ३१)
ग. यर्दनपारि केही कुलहरूको बसोबास (अध्याय ३२)
घ. यात्राको चरणहरूको समीक्षा (अध्याय ३३)
ङ. उत्तराधिकारको जमिन (अध्याय ३४-३५)
च. महिलाहरूलाई उत्तराधिकार (अध्याय ३६)